नेपाल सरकार
गृह मन्त्रालय
# अध्यागमन विभाग
पत्र संख्या : २०७८/७९
चलानी नं.

फोन : ४४२९६५९, ४४२९६६०, ४४३३९३४, ४४३८८६२, ४४३८८६८
फ्याक्स : ४४३३९३५
कालिकास्थान, काठमाण्डौ
Website : www.immigration.gov..np
E-mail : info@immigration.gov.np
mail22doi@gmail.com

Notice No:13

## Notice

Date: 2078/12/02

As per the decision of the Government of Nepal (Council of Ministers) dated 2078/11/16, it has been published for the prevention of infection of covid-19 new variant as well as for the information of all concerned as the following arrangements have been made regarding the passengers entering Nepal by air route or land route.

1. Passengers entering Nepal from abroad by air or land must submit a certificate of full vaccination against COVID-19. Passengers who are unable to submit such certificate will have to submit the certificate with negative report of Covid-19 test (RTPCR, True NAAT, Gene Xpert) within 72 hours of starting the journey. Vaccine Card / Covid Test Certificate will not be mandatory for persons below 5 years of age.
2. For the passengers going to other countries by air route from Nepal, the concerned airlines have to inform their passengers about the COVID-19 related health protocol of the destination country. The health related documents to be submitted by the passengers departing from Nepal will be as per the health related criteria of the destination country as prescribed by the concerned airlines.
3. Under the prevailing law, all foreign nationals with a certificate of complete vaccination against covid-19 or a negative certificate of the Covid-19 test will be able to obtain an on-arrival visa from Immigration Offices at the entry points. But citizens of Nigeria, Ghana, Zimbabwe, Swaziland, Cameroon, Somalia, Liberia, Ethiopia, Iraq, Palestine, Afghanistan, Syria, and passengers travelling with travel documents must bring visas from Nepali embassy or missions abroad.
4. Foreign / Nepalese nationals entering Nepal from abroad will not have to remain in quarantine except it seems necessary while examining health condition.
5. The people entering Nepal will have to fill up the passenger details form (named CCMC form) which they have been filling before.
6. Nepali embassy/missions in abroad will issue tourist entry visa as in the past before Covid-19 pandemic.
7. Based on the status of the new variant of Covid-19, Omicron, as per the information provided by the Ministry of Health and Population as well as the decision made by the Government of Nepal, the Department of Immigration can re-issue the Travel Advisory which will be published in the website of Department of Immigration.
8. Except as mentioned above, the Travel Advisory information previously issued by the Department of Immigration regarding Covid-19 has been revoked.

16-03-2022

Anjan Neupane
Director

नेपाल सरकार
गृह मन्त्रालय
# अध्यागमन विभाग

फोन : ४४२९६५९, ४४२९६६०, ४४३३९३४, ४४३८८६२, ४४३८८६८
फ्याक्स : ४४३३९३५
कालिकास्थान, काठमाण्डौ
Website : www.immigration.gov..np
E-mail : info@immigration.gov.np
mail22doi@gmail.com

पत्र संख्या : २०७८/७९
चलानी नं.

प्रशासन शाखा
नेपाल सरकार
गृह मन्त्रालय
अध्यागमन विभाग
२०४६

सूचना नं:१३

मितिः २०७८/१२/०२

## सूचना

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७८/११/१६ गतेको निर्णयानुसार कोभिड-१९ नयाँ भेरियन्टको संक्रमण रोकथामका लागि हवाई मार्ग तथा स्थल मार्ग भई नेपाल प्रवेश गर्ने यात्रुहरुको सम्बन्धमा देहाय बमोजिम व्यवस्था गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. हवाई मार्ग वा स्थल मार्ग भई विदेशबाट नेपाल प्रवेश गर्ने यात्रीहरूले कोभिड-१९ विरुद्धको पूर्ण खोप लगाएको प्रमाणपत्र पेस गर्नुपर्नेछ । त्यस्तो प्रमाणपत्र पेस गर्न नसक्ने यात्रुले यात्रा सुरु गर्नु ७२ घण्टा भित्रको कोभिड-१९ परीक्षण (RTPCR, True NAAT, Gene Xpert) को नेगेटिभ रिपोर्ट भएको प्रमाणपत्र पेस गर्नुपर्नेछ । पाँच वर्षभन्दा कम उमेरका व्यक्तिहरूलाई खोप कार्ड/कोभिड परीक्षण प्रमाण पत्र अनिवार्य हुने छैन।

२. नेपालबाट हवाईमार्ग भई अन्य मुलुक जाने यात्रुहरुको लागि गन्तव्य मुलुकको कोभिड-१९ सम्बन्धी स्वास्थ्य प्रोटोकल सम्बन्धमा सम्बन्धित विमान सेवा कम्पनी (Airlines) ले आफ्ना यात्रुहरुलाई जानकारी गराउनुपर्ने छ। नेपालबाट प्रस्थान गर्ने यात्रुहरुले पेश गर्नुपर्ने स्वास्थ्य सम्बन्धी कागजातहरु गन्तव्य मुलुकको स्वास्थ्य सम्बन्धी मापदण्ड अनुसार हुने गरी सम्बन्धित विमान सेवा कम्पनी (Airlines)ले तोके बमोजिम हुनेछ ।

३. प्रचलित कानूनको अधीनमा रही खोप लगाएको प्रमाण पत्र भएका वा कोभिड-१९ परीक्षणको नेगेटिभ प्रमाण पत्र भएका सबै विदेशी नागरिकहरुले नेपाल प्रवेश विन्दुको अध्यागमन कार्यालयबाट नै अन अराइभल भिसा प्राप्त गर्न सक्ने छन्। तर Nigeria, Ghana, Zimbabwe, Swaziland, Cameroon, Somalia, Liberia, Ethiopia, Iraq, Palestine, Afghanisthan, Syria का नागरिकहरूले र राहदानीको अभावमा Travel Document का आधारमा यात्रा गर्ने यात्रुहरूले विदेशस्थित नेपाली दूतावास वा नियोगहरूबाट नै भिसा लिएर आउनुपर्ने छ।

नेपाल सरकार
गृह मन्त्रालय
# अध्यागमन विभाग
फोन : ४४२९६५९, ४४२९६६०, ४४३३९३४, ४४३८८६२, ४४३८८६८
फ्याक्स : ४४३३९३५
कालिकास्थान, काठमाण्डौ
Website : www.immigration.gov.np
E-mail : info@immigration.gov.np
mail22doi@gmail.com

पत्र संख्या : २०७८/७९
चलानी नं.

४. विदेशबाट नेपाल प्रवेश गर्ने विदेशी/नेपाली नागरिकहरूले स्वास्थ्य परीक्षण गर्दा आवश्यक देखिएको अवस्थामा बाहेक क्वारेन्टिन बस्नु पर्ने छैन।

५. नेपाल प्रवेश गर्नेहरूले यस अघि भर्दै आएको यात्रु विवरण फारामको निरन्तरताको रुपमा CCMC फाराम अनिवार्य रुपमा भर्नु पर्नेछ।

६. विदेशस्थित नेपाली नियोगहरुबाट जारी हुँदै आएको पर्यटक प्रवेश भिसा पूर्ववत् रुपमा जारी हुने छ।

७. कोभिड-१९ को नयाँ भेरियण्ट ओमिक्रोन (Omicron) को सङ्क्रमणको अवस्थाको आधारमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जोखिमयुक्त मुलुकको पहिचान गरी यस विभागलाई लेखी आएमा तथा नेपाल सरकारको निर्णय भएमा आवश्यकतानुसार पुन: Travel Advisory जारी हुन सक्नेछ।

८. माथि उल्लेख गरिएका बाहेक कोभिड-१९ सम्बन्धमा यस अघि जारी भएका यात्रा सहजीकरण (Travel Advisory) सम्बन्धी विभागका सूचनाहरु खारेज गरिएको छ।

०७८।९।२।२

(अञ्जन न्यौपाने)
निर्देशक